AUSCO

अष्ट्रेलियन सांस्कृतिक अभिमुखीकरण कार्यक्रम

# प्रौढ शिक्षा

अष्ट्रेलियामा शिक्षा जीवनभर चल्ने प्रकृयाको रूपमा हेर्ने गरिन्छ। मानिसहरू प्रौढ भैसक्दा पनि उनीहरूले आफ्नो अध्ययन जारी राखेका हुन्छन् अथवा पहिलो पटक विद्यालय जाने गर्छन्। विद्यालय जानु र बोल्न सिक्न खोज्नु, अङ्ग्रेजी पढ्ने र लेख्ने गर्नाले तपाईंलाई अष्ट्रेलियन जीवनमा पूर्णरूपमा सहभागी हुन सहायता पुग्छ र अष्ट्रेलियामा सजिलोसित बस्न सकेको अनुभुति हुन्छ। काम पाउन र राम्रा नोकरीका अवसरहरू फेला पार्न अङ्ग्रेजी भाषामा तपाईँको दक्षता हुनु पनि अत्यावश्यक छ।

## अङ्ग्रेजी सिक्ने - प्रौढ आप्रवासी अंग्रेजी कार्यक्रम (Adult Migrant English Program - AMEP)

AMEP मार्फत तपाईँलाई निःशुल्क रूपमा अङ्ग्रेजी भाषा सिक्न मद्दत गर्छ र यस अवसरको सदुपयोग गर्न तपाईँलाई प्रोत्साहन गर्छ। तपाईँलाई ५१० घण्टासम्म अङ्ग्रेजी भाषा सिक्ने मौका मिल्छ तर यसको लागि तपाई आइपुगेको ६ महिनाभित्रमा दर्ता गरिसक्नुपर्छ। यदि तपाईँका केटाकेटीहरू कलिला उमेरका छन् भने तपाईँले कक्षा लिँदा विद्यालय जाने उमेरभन्दा तलका लागि निःशुल्क बाल हेरविचारको व्यवस्था गरिन्छ। साना केटाकेटीको हेरचाह गर्ने, काम गर्ने र परिवारका अन्य सदस्यहरूको हेरविचार गर्ने क्लाइन्टहरूका लागि लचिलो सिकाइ विकल्पहरु उपलब्ध छन्। उदाहरणको लागि यदि कुनै विद्यार्थी घरमा बसेर अध्ययन गर्न सक्ने वा घरमा आउने शिक्षकको मद्दतबाट वा आंशिकरूपमा वा नियमित भन्दा बाहिरको समयको कक्षामा सरिक भएर पढ्न सक्छन्। थप जानकारीको लागि www.education.gov.au/amep मा जानुहोस्।

## शिक्षाको विकल्पहरू

आफ्नो शिक्षालाई निरन्तरता दिन चाहने प्रौढहरूलाई विभिन्न खालका विकल्पहरू उपलब्ध छन्। अध्ययनका लागि आय सहयोगको रूपमा आर्थिक सहायता उपलब्ध हुनसक्छ र यो कुरा तपाईँको आय र अन्य सम्पत्तीहरूमा निर्भर रहने छ। आर्थिक सहायता योजनाको बारेमा थप जानकारी चाहिएमा मानवीय सेवा विभाग (Department of Human Services) मा सम्पर्क गर्नुहोस् वा www.humanservices.gov.au मा जानुहोस्।

### हाइस्कूल पूरा गर्ने तरिका

यदि तपाईँको उमेर १८ वर्ष पुगिसकेको र हाइस्कूल पूरा नगरेको भए तपाईँले प्राविधिक तथा थप शिक्षा अर्थात् **(Technical and Further Education - TAFE)** कलेजमा अध्ययन गर्न सक्नुहुन्छ जहाँबाट चौथो तहको प्रमाणपत्र (Certificate IV) पूरा गर्न सक्नुहुन्छ। यो हाइस्कूलको पढाइ बराबर हो।

### व्यवसायिक दक्षता वा सीप सिक्ने

व्यावसायिक शिक्षा तथा प्रशिक्षण अर्थात् (Vocational Education and Training - VET) यस्ता विद्यार्थीका लागि हो जसले व्यावसायिक, प्राविधिक वा सीपमा दक्षता हासिल गर्न चाहन्छन्। यसमा सिकर्मी, प्लम्बिङ्, कपाल काट्ने, जमिन सफा गर्ने र बगैँचाको काम गर्ने अनि व्यापारिक सेवाहरू, पर्यटन र अतिथि सत्कार जस्ता विषयहरू समावेश छन्। केही विद्यार्थीहरूले TAFE कलेजहरूमा व्यावसायिक तालिम लिन्छन्। यसका लागि हाइस्कूल डिप्लोमा जरूरी हुन्छ। यसका लागि चाहिने शिक्षण तथा पुस्तकका लागि शुल्क तिर्नुपर्छ। प्रारम्भिक शिक्षण शुल्क तिर्न विद्यार्थीहरू VET विद्यार्थी ऋण को लागि योग्य हुन सक्छन्। थप जानकारीको लागि www.studyassist.gov.au मा जानुहोस्।



केही विद्यार्थीहरूले प्रशिक्षार्थी कामदारको रूपमा काम गर्दा नै VET तालिम लिएका हुन्छन् । प्रशिक्षार्थी सिकाइ अवधिमा व्यावहारिक काम तालिमको रूपमा सिकाइएको हुन्छ र एकपटक पूरा गरेपछि विद्यार्थीलाई राष्ट्रियरूपमा मान्यताप्राप्त योग्यता प्राप्त हुन्छ । सिकारू कामदारको एउटा फाइदा के छ भने विद्यार्थीले तालिम गर्दैगर्दा तलबसमेत पाउँछन् । यो कोर्शको लागि लाग्ने शुल्क शैक्षिक संस्थाहरूको बीचमा फरक फरक हुन्छ । यसमा प्रवेश पाउन यो कार्यक्रम वा मुल्याङ्कनमा भाग लिनसक्ने क्षमतामा भर पर्दछ । तपाईंले हरेक राज्य र क्षेत्रमा भएका TAFE कलेजको सम्पर्क विवरण आफ्नो केसवर्कर वा प्रस्तावकबाट पाउन सक्नुहुन्छ ।

### अण्डरग्रयाजुएट विद्यार्थीको रूपमा विश्वविद्यालयमा जान

अष्ट्रेलियामा सार्वजनिक र निजी विश्वविद्यालयहरू छन् । तिनमा कमनवेल्थ ले शुल्क तिर्नेगरी छूट मिल्ने सिटहरू र पूरा शुल्क तिर्नुपर्ने सिटहरू भएका विश्वविद्यालयहरू पनि छन् । अधिकांश विश्वविद्यालयमहरूमा कोर्श अनुसार विद्यार्थी भर्ना जनवरी/फरवरी र जुलाई/अगष्ट महिनामा गर्ने गरिन्छ । कुनैकुनै विश्वविद्यालयले गृष्मकालिन कार्यक्रमसमेत सञ्चालन गर्दछन् । विश्वविद्यालयमा प्रवेश गर्न तपाईंले आफ्नो अङ्ग्रेजीको स्तर देखाउन अध्ययन शुरू गर्नुअघि कतिपय परिक्षाहरू दिनुपर्ने हुनसक्छ । डिग्री प्रोग्राममा भर्ना हुनुअघि विश्वविद्यालय बृजिङ् कोर्शहरूसमेत लिन आवश्यक हुनसक्छ । अष्ट्रेलियामा विश्वविद्यालयमा पढ्न महँगो छ, तर, विद्यार्थीहरू शुरूको ट्युसन खर्चका लागि उच्च शिक्षा ऋण कार्यक्रम अर्थात् **(Higher Education Loan Program - HELP)** मा योग्य हुनसक्छन् । यदि यो HELP योजनाको प्रयोग गरेमा विद्यार्थीहरूले उनीहरूको शिक्षामा लागेको खर्च निश्चितस्तरमा आम्दानी गरेपछि विस्तारै तिर्दै जान पाउँछन् । थप जानकारीको लागि www.studyassist.gov.au

### पोष्ट ग्रयाजुएट विद्यार्थीको रूपमा विश्वविद्यालय जाने

विदेशमा हासिल गरिएको योग्यता तपाईँ जानलाग्नु भएको विश्वविद्यालयले आधिकारीक रूपमा मान्यता दिनुपर्नेछ । शिक्षा तथा प्रशिक्षण विभाग (Department of Education and Training) ले अष्ट्रेलियामा कसरी विदेशी शैक्षिक योग्यताहरूलाई मान्यता दिने भन्नेबारेमा जानकारी उपलब्ध गराएको छ । केही सीप वा पेशाहरूले आपसमा जोड्ने बृजिङ् कोर्शहरू सञ्चालन गरेर मानिसहरूका योग्यताहरूलाई अष्ट्रेलियन मापदण्ड बराबर हुनेगरी बदल्ने गर्छन् । थप जानकारीको लागि www.internationaleducation.gov.au मा जानुहोस् र 'क्वालिफिकेसन रिकगनिसन' ('Qualifications recognition') विषयको खोजी गर्नुहोस् ।

### सामुदायिक शिक्षा कोर्शहरू लिने तरिका

सामुदायिक कलेजहरूले विभिन्न प्रकारको निजी चाहनाका कोर्शहरू जस्तो कि कुकिङ्, भाषा, नृत्य, फोटोग्राफीलगायत धेरै अरू विषयहरू सञ्चालन गरेका हुन्छन् । ती कोर्शहरूले कुनैपनि औपचारिक योग्यता उपलब्ध गराउँदैनन् तर रोजगारीमा मद्दत गर्ने आधारभूत क्षमता जस्तो कि कम्प्युटर कसरी चलाउने वा बुककिपिङ् बारे सिक्न सघाउँछन् । केही यस्ता कोर्शहरू छन् जसले मानिसहरूलाई रोजगारीको आवेदन गर्न उपयोगी क्षमता बढाउँछ । सामुदायिक शिक्षा कोर्शहरू वेलुकी र सप्ताहन्तमा स्थानिय विद्यालय र कलेजमा सञ्चालन गरिन्छ जसले अरू मानिसहरूसित भेटघाट गर्ने असल मौका दिन्छ । केही आप्रवासी स्रोत केन्द्रहरू र आप्रवासी सेवा एजेन्सीहरूले पनि अङ्ग्रेजी भाषा शिक्षण र स्वास्थ्यलगायत अन्य क्षमताको लागि कार्यक्रमहरू चलाउने गर्छन् ।

## पूरा परिवारको लागि शिक्षा

स्थानीय सार्वजनिक पुस्तकालयहरू सूचनाको लागि निकै राम्रो स्रोतहरू हुन् । तपाईँ निःशुल्क पुस्तकालयमा सदस्य बन्न सक्नुहुन्छ र पुस्तक, पत्रपत्रिका, भिडियो र सिडीहरू सापटी लिन सक्नुहुन्छ । अधिकांश पुस्तकालयहरूमा निःशुल्क इन्टरनेट सेवा उपलब्ध छ । तपाईंले छोटो समयका लागि मात्र कम्प्युटरको प्रयोग गर्न सक्नुहुन्छ र तपाईंले यो सेवा अग्रिम बुकिङ् पनि गर्न पाउनुहुन्छ । पुस्तकालयको नियमहरू मान्न जरूरी हुन्छ समयमा नै सापटी लिएका पुस्तक तथा पत्रपत्रिकाहरू फिर्ता गर्नुपर्छ नत्र सानो रकम जरिवाना तिर्नुपर्ने हुन्छ ।

## केटाकेटीको हेरबिचार

यदि तपाईँ काम गर्नुहुन्छ, अध्ययन गर्नुहुन्छ, तालिम लिंदै हुनुहुन्छ वा दिनको समयमा छोटो अवधि आफ्नो केटाकेटीको हेरविचार गर्न भ्याउनुहुन्न भने धेरै प्रकारका पुर्णकालिन र आंशिक बाल हेरबिचारका विकल्पहरू उपलब्ध छन् । तपाईंको केसवर्कर वा प्रस्तावकले उपयुक्त बाल हेरविचार सेवा फेला पारिदिन सक्छन् । बाल हेरविचार सेवा र नियमहरू, आर्थिक सहायता, विशेष सेवा आवश्यक पर्ने केटाकेटीहरूका लागि सेवा र विविध सांस्कृतिक पृष्ठभूमिका केटाकेटीहरूका लागि सेवा MyChild वेभ साइटमा गएर हेर्न पाइन्छ । थप जानकारीको लागि www.mychild.gov.au मा जानुहोस् ।

*संशोधित संस्करण (एप्रिल 2018)*

Australian Government
Department of Social Services

अष्ट्रेलियन सामाजिक सेवा विभाग
को तर्फबाट अन्तर्राष्ट्रिय आप्रवासन संगठन
द्वारा प्रदान गरिएको ।

IOM • OIM